**प्रस्तावः (मिति २०७६/११/२३ गते शुक्रबार, ७६ औ कार्यपालिका बैठक)**

१) तराई मधेश समृद्धि कार्यक्रम छनौट सम्वन्धमा
२) CORONA VIRUS सम्वन्धमा
३) मौरी श्रोत केन्द्र स्थापना सम्वन्धमा
४) आर्थिक सहयोग सम्वन्धमा
५) घ वर्ग सम्वन्धमा
६) क्षतिपूर्ति सम्वन्धमा
७) गोबर ग्यास सम्वन्धमा
८) भुक्तानी सम्वन्धमा
९) अन्तर्राष्ट्रिय महिला दिवस सम्वन्धमा
१०) पशु सेवा केन्द्र सम्वन्धमा
११) गरिब संग विशेश्वर कार्यक्रम सम्वन्धमा
१२) मयर कप फुटबल प्रतियोगितामा नपुग रकम सम्वन्धमा

**निर्णय नं. १ः**

तराई मधेश समृद्धि कार्यक्रम, समन्वय इकाईको मिति २०७६/१०/२८ गते प्रकाशित आयोजना/ कार्यक्रम माग/ प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना अनुसार आगामी आ.व.०७७/०७८ का लागि यस उपमहानगरपालिकामा तपशिल बमोजिमका आयोजना संचालन गर्न तराई मधेश समृद्धि कार्यक्रम संचालन कार्यविधि, २०७५ को अनुसूची २ बमोजिमको ढाँचामा तपशिल बमोजिम प्राथमिकताक्रम निर्धारण गरी माग गर्ने ।

तपशिलः

१. घोराही उपमहानगरपालिका वडा नं. ५ को अधुरो नैनवार थारु सामुदायिक भवन निरन्तरता
२. घोराही उपमहानगरपालिका वडा नं. ५ र ७ मा स्वास्थ्य चौकी निर्माण
३. घोराही उपमहानगरपालिका वडा नं. २ जेष्ठ नागरिक दिवा सेवा केन्द्र निर्माण
४. घोराही उपमहानगरपालिका वडा नं. १८ रझेना सामुदायिक भवन निर्माण
५. घोराही उपमहानगरपालिका वडा नं. १९ श्री बालहित प्रा.वि. भवन निर्माण
६. घोराही उपमहानगरपालिका वडा नं. १७, पनौरा चोक देखि गुलेरिया खानेपानी टंकी सम्म सिंचाई कुलो निर्माण

**निर्णय नं. २ :**

छिमेकी मित्र राष्ट्र चीन हुँदै विश्वभर महामारीको रुपमा फैलदै गएको CORONA VIRUS (COVID-19) को संक्रमणबाट नेपाल समेत उच्च जोखिममा रहेको अवस्थालाई मध्यनजर गर्दै नेपाल सरकारले यसको संक्रमणबाट जोगिन संचेतना अपनाउन भिडभाडमा नजान, अत्यावश्यक कार्य बाहेक घर बाहिर ननिस्कन, सभा सम्मेलन, समारोह जस्ता कार्यक्रम नगर्न अनुरोध गरिसकेको सन्दर्भमा यस आपतकालीन अवस्थामा सम्पूर्ण नगरवासीहरुमामा व्यक्तिगत, स्वास्थ्य सरसफाई एवं खानपानमा ध्यान दिन, लगत्तै आउदै गरेको होली लगायतका पर्वमा कुनै विशेष कार्यक्रमको आयोजना नगर्न, त्यस्ता कार्यक्रम, सभा, सम्मेलनमा सहभागी नहुन साथै आम उपभोक्तालाई दैनिक अत्यावश्यक उपभोग्य वस्तुहरु औषधी र औषधीजन्य सामग्रीहरु सहज, सरल र सुलभ रुपमा उपलब्ध गराउन सरोकारवाला सबैमा अनुरोध गर्ने ।

**निर्णय नं. ३ :**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको मिति २०७६/११/१८ , च.नं. १२३५ को पत्रानुसार चालु आ.व. २०७६/०७७ मा मौरी श्रोत केन्द्र स्थापनाको लागि जग्गा माग भए बमोजिम घोराही उपमहानगरपालिका वडा नं. १३को मिति २०७६/११/१८ गते च.नं. २४७४ को पत्रानुसार मौरी श्रोत केन्द्र स्थापनाका लागि साविक सेवार वनगाउँ ५ कि.नं/ १५७ र १७४ अन्तर्गत उत्तरतर्फको ८ (आठ) बिगाहा जग्गा दिने निर्णय गरेकोले सो जग्गा मौरी श्रोत केन्द्र स्थापनाको लागि उपलब्ध गराउने ।

**निर्णय नं. ४ :**

घोराही उपमहानगरपालिकामा निम्न संस्थाबाट तपशिल बमोजिमका कार्यक्रमका लागि आर्थिक सहयोग माग भै आएको हुँदा देहाए अनुसार आर्थिक सहयोग निम्न शिर्षकबाट दिने ।

| क.स | संस्थाको नाम | सहयोग रकम रु | भुक्तानी शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १. | प्रदेश एक्स्पो दाङ, भिडियो निर्माण | २५०००।०० | अन्य संस्था सहायता | |

**निर्णय नं ५ :**

यस घोराही उपमहानगरपालिकाकोले बनाएको “घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम सबै प्रक्रिया र कागजातहरु पुरा गरे नगरेको हेरी घोराही वडा नं. १५मा रहेको गेमी रोल्पा कन्स्ट्रक्सन प्रा.लि.का प्रो. खेम प्रकाश बुढामगर, घोराही वडा नं. १५ लोकमणि ग्रुप अफ कम्पनी प्रा.ली. का प्रो. कुल बहादुर वली, जङ टल्ाङ निर्माण सेवा डिलिङ कम्पनी प्रा.लीका प्रो. प्रताप सिं पुन मगरलाई “घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र दिने।

**निर्णय नं. ६ :**

मिति २०७६/१०/०३ गते बसेको ७३ औं कार्यपालिका बैठकले घोराही उपमहानगरपालिका १४ नं. वडा स्थित शिव घिमिरेको घर हुँदै बसपार्क जोड्नेबाटो विस्तारका लागि सो बाटोको मिलनचोक टोलमा पर्ने देवी घिमिरेको घर भत्काउनु पर्ने भएकाले उक्त घरको क्षतिपूर्ति दिने सम्वन्धमा आर्थिक विकास समितिका संयोजक श्री राममणि पाण्डेयज्युको संयोजकत्वमा गठित समितिको मिति २०७६/११/१८ गते बसेको बैठकको निर्णयानुसार उक्त घरको क्षतिपूर्ति दिने सम्वन्धमा घोराही उपमहानगरपालिका राजश्व शाखाबाट कायम हुन आएको मुल्यांकन रु. ६२७७९५/९६ अक्षरुपि (छ लाख सत्ताईस हजार सात सय पन्चानब्बे रुपैया छयानब्बे पैसा) र घर भत्काउदा बाटोमा पर्ने २ (दुई) धुर जग्गा समेत गरी रु.१२००००० |०० (अक्षरुपि बाह्र लाख ) क्षतिपूर्ति दिने निर्णय भई आएको हुँदा घर र जग्गा समेतको जम्मा रु.१२००००० |०० (अक्षरुपि बाह्र लाख ) क्षतिपूर्ति दिने ।

**निर्णय नं. ७ :**

घोराही उपमहानगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम नवकरणीय उर्जा प्रविधिहरु (लघु तथा साना जलविद्युत, सौर्य उर्जा, वायो ग्याँस, वायो मास, उर्जाको उत्पादनमुलक परीप्रयोग) मार्फत उर्जा उत्पादन र परीप्रयोग, सशर्त अनुदान तर्फ राष्ट्रिय ग्रामिण तथा नवकरणीय उर्जा कार्यक्रम बजेट शिर्षक नं. ३०८००१०४ बाट तपशिलमा उल्लेखित वडाहरुमा प्रत्येक प्लान्ट(घरधुरी) का लागि रु. २५०००( अक्षरुपि पच्चीस हजार) का दरले थप अनुदान प्रदान गर्ने।

तपशिलः

| क्र.स. | गोबर ग्याँस वितरण गर्ने वडा नं. | गोबर ग्याँस वितरण संख्या | कैफियत |
|---|---|---|---|
| १. | २ | १० | |
| २. | ६ | ३ | |
| ३. | ७ | १ | |
| ४. | ९ | १० | |
| ५. | १० | १ | |
| ६. | १७ | १ | |
| ७. | १८ | १ | |

**निर्णय नं. ८ :**

घोराही उपमहानगरपालिका तुल्सीपुर चोकदेखि लखवारे कुलो, टाउन एरिया, न्युरोड, रझेना चोक देखि मसिना चोक देखि मसिना, गिठेपानी सडक, जिल्ला अदालत देखि भिंग्रेली चोक, मार्क कलेज देखि काठेकोल हुँदै हाइवे मा.वि. सरस्वती काठेकोल देखि महालक्ष्मी काठ मिल, सुपरलज टोल र हस्पिटल टोल (भरतपुर ओरालो देखि स्वामी रुख) सम्म पिच सडक मर्मत कार्यका लागि सडक बोर्ड र यस उपमहानगरपालिकाको सह लगानी (७०/३०) मा स्रोत व्यवस्थापन हुने गरी आ.व. ०७५/०७६ माठेक्का मार्फत कार्य शुरु भएको रिसिलिङ प्रविधि मार्फत सडक मर्मत गर्ने कार्यमा प्रयोग भएका सामग्रीहरु कमसल र गुणस्तरहिन भएको भनी व्यापक जन गुनासो पश्चात कार्यपालिकाको मिति २०७६/०३/२२ गते बसेको ६२ औं कार्यपालिका बैठकले घोराही उपमहानगरपालिकाको प्रवक्ता भरतमणि अर्यालको संयोजकत्वमा छानबिन समिति  गठन भएको र समितिले मिति २०७६/०५/२७ गते बसेको ६६ औं कार्यपालिका बैठकमा पेश गरेको प्रतिवेदनमा उपर्युक्त कार्यको प्राविधिक मुल्यांकन गरी भुक्तानी दिने भनी प्रतिवेदन पेश गरेको तथा सो सम्वन्धमा यस उपमहानगरपालिकाका प्राविधिकले गरेको मुल्यांकनमा रु.४६,१९,०३८|७४ (अक्षरुपि छयालीस लाख उनाइस हजार अठ्तीस रुपैया चौहत्तर पैसा) मुल्यांकन भई आएको र Resilence Construction and development Lalitpur, Bagdol ले गरेको मूल्यांकनमा रु. ४७,३२,५३१|७० (अक्षरुपि सत्चालिस लाख बत्तीस हजार पाँच सय एकत्तीस रुपैया सत्तरी पैसा) आएको हुँदा उपयक्त मूल्यांकन मध्ये घोराही उपमहानगरपालिकाका प्राविधिकबाट भएको  मूल्यांकन कम देखिएकोले सो मूल्यांकनमा २० % रकम मर्मतका लागि कट्टी गरी बाँकी रकम भुक्तानी दिने ।

**निर्णय नं. ९ :**

११० औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका अवसरमा सम्पूर्ण महिला दिदीबहिनीहरुमा समाजमा रहेका लैङ्गिक, सामाजिक, सांस्कृतिक, आर्थिक लगायत विकृति, विसंगति, कुरीति एवं उत्पिडन विरुद्ध सशक्त रुपमा आवाज उठाउन एवं कलम चलाउन प्रेरणा मिलोस भन्ने कामना सहित समाज परिवर्तनका लागि उहाँहरुले चालेका हरेक गतिविधिमा स्थानीय सरकार साथसाथै रहने प्रतिवद्धता सहित शुभकामना व्यक्त गर्ने।

**निर्णय नं. १० :**

घोराही उपमहानगरपालिका पशु सेवा शाखा अन्तर्गत मिति २०७६/०९/१३ गते बसेको आर्थिक विकास समितिको तपशिल बमोजिमको पशु सेवा केन्द्रको कार्यक्षेत्र विभाजन सम्वन्धी निर्णय अनुमोदन गर्ने ।

तपशिल :

| सि.नं. | पशु सेवा केन्द्र रहने स्थान | सेवा लिने वडा नं. | कैफियत |
|---|---|---|---|
| १. | पशु सेवा केन्द्र , रामपुर | १,२,३,४ | |
| २. | पशु सेवा केन्द्र, सौडियार | ५,६,७ | |
| ३. | पशु सेवा केन्द्र, नारायणपुर | ८,९,१०,११,१२ | |
| ४. | पशु सेवा केन्द्र, बाम्ला | १३,१८,१९ | |
| ५. | पशु सेवा शाखा, घोराही | १४,१५,१६,१७ | |

**निर्णय नं. ११ :**

घोराही उपमहानगरपालिकाको चालु आ.व. २०७६/०७७ का लागि गरिब संग विशेश्वर कार्यक्रम अन्तर्गत सामाजिक परिचालकले प्रस्तावित गरेका कार्यक्रम सम्वन्धित (५.१३ र १८) नं. वडामा समन्वय गरी आवश्यकतानुसार कार्यक्रम संचालन गर्ने ।

**निर्णय नं. १२ :**

घोराही उपमहानगरपालिकाको आयोजनामा संचालन भएको मेयरकप फुटबल प्रतियोगिता एवं उपमेयर कप भलिबल प्रतियोगिता संचालन गर्ने क्रममा वार्षिक विनियोजित रकमबाट रु. १,०९,९४० (अक्षरुपि एक लाख नौ हजार नौ सय चालिस रुपैया) नपुग भएकोले नपुग रकम भैपरी चालु शिर्षकबाट भुक्तानी दिने ।